# Barrier Free Campaign at Singhadarbar

Independent Living Center Kathmandu has organized Barrier Free Campaign Program with the support of Ministry of Women, Children and Social Welfare on 29th Asar 2067 at Singha Darbar, Kathmandu. The program was hold at Singha Darbar infront of the main entrance of Ministry of Finance, Office of Prime Minister, Ministry of Physical Planning and Works, Ministry of Information and Communication and Ministry of Women, Children and Social Welfare. The prior aim of the program is to appeal the stakeholders with the demands so that they can formulate necessary plans and policies, to provide awareness to the high level planners, policymakers and beurocrates regarding the problems and contemproray issue of people of disability, to enhance the interaction of PWDs with stakeholders and to encourage groupwork among the participants and make them realize that they are not alone in their struggle. The event was witnessed and participated by a mass of over a hundred people with disability along with the presence of journalists, human right activists and personal assistants.

The keen and excited participants gathered in a semi circle around a banner infront of the main intrance of the Ministry of Finance. The Secretary of Finance Rameshwor Khanal and Krishna Hari Baskota took their time off their busy schedule to come for the campaign. Mr. Rameshwor Khanal and Mr. Krishna Hari Baskota praised the peace and right based campaign and offered his congratulations to the people with disabilities who have moved towards organizing and implementing such a wonderful event. They said that they have fulfilled the demands of the IL before and will certainly continue to do it in the future. After all the matters put forth and considered, the Ministry open heartedly accepted the demands and even considered it's place in the coming Budget Plan.

The second stop was the Prime Minister's Office; the Chief Secretary Madhav Ghimire came to attend the event. After putting forth the demands the Chief Secretary Dr. Madhav Ghimire talked about the awareness that the ministry has about the disability and he will look positively into the matter and the appeal by the IL will be kept into consideration. The Ministry of Physical Planning and Works Secretary Mr. Dip Basnyat praised the campaigns that appeals will be taken in to consideration and implemented but along with it also requests the participants to have patience because the execution might take some time.

Similarly, the campaign got acquainted with Mr. Sankar Prasad Pokharel, the Minister and Mr. Susil Ghimire, the Secretary of the Ministry of Information and Communication. After the hearing the appeal, the minister Mr. Sankar Prasad Pokharel clarified the reason why the ambience of the ministry was yet not friendly to the people with physical disability. He further added that he had appealed for the construction of those commodities but that was to no avail. However, he promised to revive them again. He also promised to keep under control the terms used for addressing the disables in the television and radios which rather sounds offensive to them. Also the inaudible will be considered the benefits of free sums services in order for them to communicate better.

Finally, the campaign was hold at the ministry of women, children and social welfare. The Ministers Mr. Sarbadev Ojha and Ram Bacchan Yadav started by saying that disables are one among the 4 pillars of the society and the economy of the nation can't do without them. They further said that the wants and the demands kept forth are not new and they only need to be revived. And they also envisioned the establishment of an organization in the coming fiscal year which caters to the necessity of the people with disabilities. The legal issues, which are not given much priority, will be prioritized. The secretary made an illustrative speech on the contemporary moral, legal and social issues. The basic motive of the event was briefed by the Secretary General, Krishna Gautam of Independent Living Center Kathmandu. And the letter of appeal was read by Tek Bahadur Gurung. The ending speech was delivered by the President of Independent Living Centre, Ganesh K.C. and the treasurer of IL Dhurba Neupane. Bhoj Raj Shrestha, the member of Independent Living Centre ran the campaigns.


उपत्यका ४ | www.ekantipur.com कान्तिपुर दैनिक : २०६७ साल असार ३० गते बुधवार



हामीलाई सहुलियत | अवरोधमुक्त अभियानअन्तर्गत विशेष व्यवस्था गर्न मंगलबार प्रधानमन्त्री कार्यालय सिंहदरबारमा धर्ना दिँदै अपांगहरू। तस्विर : शालिग्राम तिवारी/कान्तिपुर

दृष्टिकोण ६ | www.ekantipur.com
कान्तिपुर दैनिकः २०६७ साल असार ३१ गते विहिबार

सम्पादकीय

# अपांगका अवरोध हटाऊ

सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालय परिसरमा मंगलबार शारीरिक रूपमा अशक्त अपांगहरूको एउटा समूहले धर्ना दिएर आफूहरूले दैनन्दिन भोग्नुपरेको अवरोधबाट मुक्त गर्न माग गरेका छन् । सरकारी तथा सार्वजनिक स्थल, कार्यालय/भवन, सडक अपांगमैत्री नहुँदा यो समुदाय भौतिक अवरोध खेप्न बाध्य भएको छ । 'अवरोधमुक्त अभियान' मा जुटेको यो समुदायले सरकारी तथा सार्वजनिक स्थल, भवन, कार्यालय, शौचालय, बाटाघाटा, सिनेमा हल लगायत दैनिक प्रयोग हुने ठाउँहरूमा हुनेगरेको भौतिक अवरोधबाट आफूहरूलाई मुक्त गर्न माग गरेको छ । विकसित मुलुकहरूमा अपांगता भएका व्यक्तिहरूका लागि सार्वजनिक र सरकारी स्थल/कार्यालय लगायतका दैनिक प्रयोगमा आउने ठाउँका सेवामा विशेष किसिमको व्यवस्था गरिएको हुन्छ तर हाम्रो सन्दर्भमा एकाध सरकारी कार्यालय र अस्पतालहरूमा र्‍याम्पको व्यवस्था गरिएको देखिए पनि धेरैजसो ठाउँ अझै अपांगमैत्री छैनन् ।

हाम्रो सन्दर्भमा अपांगता भएका व्यक्तिहरूले भौतिक अवरोध मात्रै होइन, संस्थागत र दृष्टिकोणको अवरोधको सामनासमेत गरिरहेका छन् । यो समुदाय राज्यको प्रणाली र पहुँचबाट एकातिर विमुख छ भने परिवार र समाजको मानसिक अवरोधसमेत खेप्न बाध्य छ । अवसर पाएमा सबलांगसरह प्रतिस्पर्धामा उत्रन सक्ने दृष्टान्त रहे पनि समाजले अपांगता भएका व्यक्तिलाई सहज रूपमा लिन सकेको पाईंदैन । त्यसकारण परिवारदेखि राज्यको तहसम्म फैलिएको विभेद र अवरोधबाट अपांगता भएका व्यक्तिलाई छुटकारा दिलाउने चुनौती विद्यमान छ । मुलुकमा कुल जनसंख्याको कम्तीमा दस प्रतिशत अपांगता भएका व्यक्तिहरू रहेको अनुमान छ अर्थात् यहाँ २५ लाखभन्दा बढी मानिस अपांगता भोगिरहेका छन् तर विडम्बना के छ भने शारीरिक, दृष्टि, श्रवण, स्वर र बोलाइ, मानसिक र बहुअपांगता खेपिरहेको यो समुदायप्रति राज्य उदासीन छ ।

अन्तरिम संविधानले शारीरिक अपांगता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने र भेदभाव नगर्ने व्यवस्था गरेको छ । विभिन्न समयका विभिन्न सरकारले अपांगता भएका व्यक्तिको अधिकार र अवसर सुनिश्चित गर्ने औपचारिक प्रतिबद्धता पटकपटक जनाएका छन् । नीतिगत तहमा यसको सम्बोधन भएको छ । ०३९ सालमा बनेको अपांग संरक्षण तथा कल्याण ऐन, ०५३ को अपांगता राष्ट्रिय नीति तथा कार्ययोजना र अपांग सेवा राष्ट्रिय नीतिले अपांगता भएका व्यक्तिको मानवअधिकार, सामाजिक समावेशीकरण, सम्मानपूर्ण पुनर्स्थापना, स्वास्थ्य शिक्षा, रोजगारलगायतको व्यवस्था सुनिश्चित गर्ने भनेको छ । सार्वजनिक भवन/स्थल/बाटाघाटा/शौचालय लगायत दैनिक प्रयोगमा आउने ठाउँ अपांगमैत्री बनाउने उक्त नीतिमा उल्लेख छ तथापि यस्ता नीतिहरू औपचारिक र कागजी प्रयोजनमै सीमित छन्, आवश्यक र प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

अपांगता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्नुपर्ने आवाज सरकारी र गैरसरकारी दुवै तहबाट यथेष्ट उठ्ने गरेको छ । एक सय सत्तरीवटा त अपांगतासँग सम्बन्धित संघसंस्था नै यो समुदायको अधिकारको वकालतमा जुटेका छन् । सरकारले संविधानदेखि आफ्ना राष्ट्रिय नीतिमा यो समुदायलाई अवसर र अधिकारबाट वञ्चित नराख्ने वाचा गरेको पाइन्छ तर पनि व्यवहारमा यो समुदायले शारीरिक, संस्थागत र मानसिक अवरोध खेपी नै रहेको छ । विभिन्न वर्ग, पेसा र समुदायका नागरिकको हकअधिकार सुनिश्चित गर्ने लोकतान्त्रिक प्रणालीमा समेत अपांगता भएका व्यक्ति राज्यको उदासीनता र बेवास्ताको सिकार हुनु कुनै सर्तमा सुखद् होइन । तसर्थ औपचारिक प्रतिबद्धताको तहबाट उक्लेर राज्यले व्यवहारमै अपांगता भएका व्यक्तिहरूका लागि आवश्यक सेवाको प्रबन्ध गर्न ढिलो गर्नु हुँदैन ।

अन्नपूर्ण पोष्ट, बुधबार ३० असार २०६७

# अपांगमैत्री भौतिक पूर्वाधार बनाउन माग

अन्नपूर्ण समाचारदाता

**काठमाडौं,** २९ असार : अपांग अधिकारका लागि क्रियाशील संस्थाका प्रतिनिधिहरूले राज्यका भौतिक पूर्वधारलाई अपांगमैत्री बनाउन सरकारसँग माग गरेका छन्।

अपांग हितका लागि काम गर्दै आएको इन्डिपेन्डेन्ट लिभिङ सेन्टरले मंगलबार नेपाल सरकारका मुख्यसचिव डा. माधव घिमिरेलाई भेटेर यस्तो माग गरेको हो। अपांग समुदायका प्रतिनिधिले अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि अनुमोदन गर्नसमेत आग्रह गरेका छन्।

लोकसेवा आयोगद्वारा लिइने मिजामती सेवाको प्रतिस्पर्धाका लागि अपांगको हकमा ४० वर्ष उमेरको हदबन्दी तोक्नुपर्ने सुझाव उनीहरूको छ। लोकसेवा आयोगको नयाँ भर्नासम्बन्धी परीक्षामा सहभागी हुनका लागि अहिले तोकिएको उमेरको हदबन्दी ३५ वर्ष हो।

अपांगका समस्यासम्बन्धी अपिलपत्र ग्रहण गर्दै मुख्यसचिव घिमिरेले अपागता भएका व्यक्तिलाइ सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले राज्य अपांगको समस्याप्रति गम्भीर रहेको बताए।

यसैगरी अपांगका प्रतिनिधिहरूले अर्थ मन्त्रालयका सचिव रामेश्वर खनालाई पनि विभिन्न माग समेटिएको अपिलपत्र बुझाएका छन्।

अपिलपत्रमा अपांगमाथि गरिने सबै प्रकारको विभेद अन्त्यसम्बन्धी कानुन तत्काल बनाउनुपर्ने, अपांग सशक्तीकरणका लागि अपांग महाशाखा वा विभाग गठन गर्नुपर्ने, अपांगता भएका व्यक्तिको क्षमता अभिवृद्धि तथा रोगजारीमा प्राथमिकता दिनुपर्ने, अपांगले प्रयोग गर्ने चारपांग्रे स्कुटरमा लगाइएको कर मिनाहा गर्न माग गरिएको छ।

संस्थाका अध्यक्ष गणेशबहादुर खत्रीले अपांगले प्रयोग गर्ने ह्विलचियर, ट्राइसाइकिलको निर्माण तथा वितरणका लागि आवश्यक बजेट विनियोजन गर्न अर्थ मन्त्रालयसँग अनुरोध गरिएको बताए।

सार्वजनिक यातायातका साधन र सार्वजनिक स्थललाई अपांगमैत्री बनाउनुपर्ने माग अपिलपत्रमा गरिएको छ। अपांगको अपिलपत्र बुझ्दै अर्थ मन्त्रालयका सचिव रामेश्वर खनालले अपांगको रोजगारी तथा सशक्तीकरणका लागि नयाँ बजेटमा विशेष प्याकेज ल्याइने प्रतिबद्धता व्यक्त गरे।

अपांग समुदायका प्रतिनिधिले पूर्ण अपांग भएका व्यक्तिलाई सामान्य जीवनयापन भत्ता उपलब्ध गराउन अर्थ मन्त्रालयका सचिव खनालसँग माग गरेका थिए।